Cultural Linguistic Services
OFFICE OF HUMAN RESOURCES
UNIVERSITY OF WISCONSIN-MADISON

# *W-4* फारामको छोटो गाईड

- अङ्ग्रेजी भाषामा प्रश्नहरू सोध्नका लागि, तपाईंको विभागको *HR* कार्यालयमा सम्पर्क गर्नुहोला वा payroll@ohr.wisc.edu मा ईमेल पठाउनुहोला।
- नेपाली भाषाको अनुवादन वा दोभाषे सेवा अनुरोध गर्नको लागि, मानव संसाधन कार्यालयको सांस्कृतिक भाषागत सेवा (*CLS*) मा (608) 262-7521 वा nepali-cls@wisc.edu मार्फत सम्पर्क गर्नुहोला।

## *W-4* फाराम के हो ?

तपाईंको रोजगारदाताले तपाईंको तलबबाट कति कर काट्ने हिसाब गर्न *W-4* फाराम चलाउँदछन्। **थप जानकारीका लागि**, *IRS* (*Internal Revenue Service*) को यो भिडियो हेर्न सक्नुहुन्छ: go.wisc.edu/4q9500

## तपाईंको *W-4* फाराम कसरी बदल्ने ?

| **अन्लाईन** | **कागज मार्फत** |
|---|---|
| १. यो वेबसाईट मार्फत *MyUW* मा लग ईन गर्नुहोस्: my.wisc.edu<br>२. *Workday* को बाकसमा थिच्नुहोस्।<br>३. ***Menu*** मा थिच्नुहोस्। ***Benefits and Pay*** मा थिच्नुहोस्।<br>४. देब्रे तिर रहेको मेनुमा रहेको ***Pay*** मा थिच्नुहोस् ***Tax*** र रोज्नुहोस्।<br>५. *Federal Witholding Elections* वा *State/Local Witholding Elections* बटन थिच्नुभएर आफ्नो रकम राख्नुहोस्।<br>६. ***OK*** थिच्नुहोस्।<br><br>**विस्तृत निर्देशनहरू:** kb.wisconsin.edu/workday/internal/146856 | १. तलका वेबसाईटमा रहेका फारामहरू हेर्नुभएर प्रिन्ट गर्नुहोस् वा तपाईंको घर वा सुपरभाईजरलाई पठाउन हामीलाई सोध्नुहोस्।<br>• संघीय: irs.gov/pub/irs-pdf/fw4.pdf<br>• राज्य: revenue.wi.gov/TaxForms2017t<br>**नोट:** यदि तपाईं विस्कन्सिनको कर तिर्ने निवासी **हुनुहुन्न** भने, तपाईंलाई बेग्लै फारामहरू आवश्यक हुन सक्दछन्।<br>२. फारामहरू भर्नुहोस्<br>तपाईंको विभागीय *HR* कार्यालय वा मानव संसाधनको कार्यालय 21 N. Park Street, Suite 5101 मा व्यक्तिगत रूपमा बुझाउनुहोला |

## सुझावहरू

- आफ्नो *W-4* फाराम भर्ने वा अपडेट गर्ने क्रममा तपाईंलाई सहयोग गर्नको लागि तपाईंले *HR* वा *CLS* प्रतिनिधिसँग भेटघाटको समय बनाउन सक्नुहुन्छ।
- **हामीले तपाईंले के गर्नुपर्दछ भनेर सल्लाह दिन सक्दैनौं।** सबैजनाको कर अवस्था बेग्ला बेग्लै हुन्छ, त्यसैले हामीले तपाईंको *W-4* फाराम सही रूपमा भर्नुभयो या भएन भनेर बताउन सक्दैनौं।
- यदि तपाईंलाई आफ्नो *W-4* मा के राख्ने भनेर निर्णय लिन सहयोगको आवश्यकता भएमा तपाईंको कर तयार गर्ने व्यक्ति (*tax preparer*) सँग वा *IRS* को *Tax Withholding Estimator* को यो वेबसाईट हेर्नुभएर परामर्श लिनुहोला: irs.gov/individuals/tax-withholding-estimator।
- आफ्नो *W-4* अपडेट गर्नु भएपछि, तपाईंले बनाउनु भएका बदलहरू देखिन्छन् या देखिँदैनन् निश्चित गर्न आगामी दुईवटा आम्दानी विवरण (*Earnings Statements*) हरू हेर्नुहोस्। यदि तिनीहरूमा देखिएनन् भने, कृपया हामीलाई खबर गर्नुहोला (माथि रहेको सम्पर्क जानकारी हेर्नुहोला)।